प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

**नसर्ने रोगबाट बच्ने उपाय**

- धूमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,
- समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : ११५ ॥ २०८२ जेठ २१ गते बुधबार (4th June 2025 Wednesday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

# तीनवटा वन्यजन्तु मारिए







झापा(प्रस) । झापा र इलाममा एकैदिन तीनवटा वन्यजन्तु मृत फेला परेका छन् । झापामा एउटा जंगली हात्ती र अर्को मृग मृत फेला परेका हुन् भने इलाममा चितुवा मृत भेटिएको छ । मंगलवार मात्र वन्यजन्तु मृत फेला परेका हैनन् । वन्यजन्तु मर्ने र मारिने श्रृंखला जारी छ । झापामा फेरि अर्को जंगली हात्ती मरेको छ । बुद्धशान्ति-५ को पाँचपोखरी सामुदायिक वनमा जंगली हात्ती मृत फेला परेको दुई सातापछि झापामा अर्को हात्ती मरेको हो ।

सोमवार राति कमल गाउँपालिका वडा नम्बर-३ मा रहेको रतुवामाई बृक्षरोपण आयोजनाको जंगलमा करेन्ट लागेर जंगली हात्ती मरेको हो । जंगली हात्तीले बिजुलीको फलामको पोलमा धकेल्दा हाईटेन्सन तारमा पर्न गई हात्तीलाई करेन्ट लागेको थियो । सुँड र एउटा दारा जली हात्ती घटनास्थलमै मरेको प्रहरीले जनाएको छ ।

प्रहरी चौकी केर्खाबाट प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको थियो । कानुनी प्रकृयाको लागि डिभिजन वन कार्यालय झापासँग समन्वय गरी घटनास्थलमा सव डिभिजन वन कार्यालय चुलाचुलीबाट टोली गएको प्रहरीले जनाएको छ ।

यसअघि गत जेठ ७ गते झापा बुद्धशान्ति-५ को पाँचपोखरी सामुदायिक वनमा रैथाने जंगली हात्ती मृत फेला परेको थियो ।

योसंगै यस आर्थिक वर्षमा झापामा तीनवटा जंगली हात्ती मरेको छ । गत फागुन २९ गते कचनकवल- ७ स्थित पाथीभरा सामुदायिक वनमा करिब डेढ महिनाअघि मरेको हुनसक्ने वयस्क भाले हात्ती सडेगलेर दुर्गन्धित अबस्थामा फेला परेको थियो ।

त्यस्तै यस आर्थिक वर्षमा हात्तीको आक्रमणमा परी झापामा चार जनाको ज्यान गइसकेको छ । गत आर्थिक वर्षमा जिल्लामा ४ वटा हात्ती मृत फेला परेका थिए ।

त्यस्तै झापाको बाह्रदशीमा मृग मृत फेला परेको छ ।

बाह्रदशी गाउँपालिका वडा न.४ मेचे टोलस्थित घाग्रा खोला छेउ .बस्ने मदनकुमार न्यौपानेको टिकको बिरुवा रोपेको जग्गामा मृग मृत फेला परेको हो । अन्दाजी २-३ दिन अगाडी मरेको हुनसक्ने मृत मृग स्थानीयले मंगलवार मध्यान्ह फेला पारी प्रहरीलाई खबर गरेका थिए ।

प्रहरी चौकी फुलवारीबाट टोली खटिएर घटनास्थल सुरक्षित राखेको थियो । जलथल सव डिभिजन वन कार्यालयबाट गएको टोलीले मुचुल्का गरी सोही स्थानमा खाल्डो खनेर सदगद गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ उता इलाममा

❖ बाँकी तेस्रो पृष्ठमा

# श्रीमतीलाई विष खुवाई मार्न खोज्ने डोम पक्राउ

झापा(प्रस) । श्रीमतीलाई विष खुवाई मार्न खोज्ने दमकका एक व्यक्ति पक्राउ परेका छन् । पक्राउ पर्नेमा सप्तरी शम्भुनाथ नगरपालिका वडा नं. २ घर भई हाल दमक वडा नं.१ सुम्निमा टोलमा डेरा गरी बस्ने २५ वर्षीय दिलिपकुमार मरिक डोम रहेका छन् । गत चैत १० गते बिहान ८ बजे डोमले आफ्नै श्रीमती रेनु मरिकलाई बिष सेवन गराई ज्यान मार्न खोजेका थिए ।उनले खोकी लागेका बेला कफ सिरप भनेर श्रीमतीलाई विष खुवाउन खोजेका थिए । यसअघि पनि श्रीमानले आफूलाई आगो लगाई मार्न खोजेको रेनुले बयान दिएको इलाका प्रहरी कार्यालय दमकका डीएसपी रामप्रसाद तिमल्सिनाले जानकारी दिए । उनीहरुका एक छोरा र एक छोरी रहेका छन् ।

घटनापछि फरार रहेका उनलाई इलाका प्रहरी कार्यालय दमक र इलाका प्रहरी कार्यालय कल्याणपुर सप्तरीबाट खटिएको प्रहरी टोलीले आइतवार कल्याणपुरबाट पक्राउ गरेको हो । उनलाई सोमवार इलाका प्रहरी कार्यालय दमकमा ल्याई बुझाइएको छ ।

झापा जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरी ज्यान मार्ने उद्योग मुद्धामा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# रुखको हाँगाले लागेर घटनास्थलमै मृत्यु

झापा(प्रस) । रुखको हाँगाले लागेर इलाममा एकजनाको मृत्यु भएको छ ।

मंगलवार दिउँसो २;३० बजे इलाम सूर्योदय नगरपालिका ७ सिंग्रान बस्ने रामबहादुर लाप्चाको जग्गामा रहेका रूखहरु किनेर ठेकेदार सूर्योदय ८ बस्ने बिनोद बुढाथोकी र गजेन्द्र कार्कीले काटिरहेका थिए ।

रुख ढाल्ने क्रममा सूर्योदय ८ बस्ने २६ वर्षीय निरोज लाप्चालाई रुखको हाँगाले टाउकोमा लाग्दा उनको घटनास्थलमै मृत्यु भएको हो । उक्त स्थानमा प्रहरी चौकी हर्कटेबाट प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको छ । थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट प्रहरी टोली घटनास्थलतर्फ गएको जनाइएको छ ।

# हास्यकलाकार गौतमको निधन



झापा(प्रस) । 'नक्कली प्रचण्ड' का रूपमा चिनिएका कलाकार घनश्याम गौतमको क्यान्सरका कारण निधन भएको छ।

लामो समयदेखि भक्तपुरको क्यान्सर अस्पतालमा उपचार गराइरहेका गौतमको सोमवार राति निधन भएको हो । पारिवारिक स्रोतका अनुसार उनी भक्तपुर ताथलिमा रहेको काठमाडौं क्यान्सर अस्पतालमा लामो समयदेखि उपचार गराइरहेका थिए ।

'मेरी बास्सै' टेलिश्रृंखलामा माओवादी अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को व्यंग्यात्मक भूमिका निर्वाह गरी चर्चामा आएका गौतम गाईजात्रा लगायतका थुप्रै हास्य कार्यक्रममा समेत सहभागी हुँदै आएका थिए ।

# पूर्वी नाकाबाट १० करोड बढीको मेसिनरी सामान आयात

• **लक्ष्मी उप्रेती**

मेचीनगर । पछिल्लो समय नेपाल औद्योगिक वातावरण बनेको संकेत मिलेको छ । मुलुकमा मेसिनरी तथा यसका पार्टपुर्जा आयात वृद्धिले यस्तो संकेत दिएको हो ।

मेची भन्सार कार्यालय काँकरभिट्टाका अनुसार नेपाल प्रवेशको पहिलोद्वार काँकरभिट्टा नाका भएर चालु आर्थिक वर्ष २०८१/८२ को १० महिना साउन-वैशाखसम्म १० करोड ९५ लाख १७ हजार रुपैयाँ बराबरको ९ सय १९ वटा मेसिनरी तथा पार्टपूर्जा आयात भएका छन् । जसबाट त्यो अवधिमा कार्यालयले ११ लाख ६३ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

मुलुकमा विद्युत् उपलब्धता र राजनीतिक स्थिरतासँगै औद्योगिक उत्पादन बढ्न थालेको कारण यस्ता वस्तुको आयात प्रत्येक महिना बढ्न थालेको छ । पूर्वी नाकाबाट मेसिनरी तथा पार्टपुर्जा आयात हरेक महिना बढेको छ । भन्सार कार्यालयको अभिलेखले पनि यसलाई पुष्टि गर्दछ ।

औद्योगिक क्षेत्रमा प्रयोग हुने मेसिनरी सामान तथा पार्टपुर्जाको आयात ह्वात्तै बढ्नुको मुख्य कारण विद्युतको उपलब्धता र राजनीतिक स्थिरता नै रहेको उद्योगी व्यवसायीहरुको भनाई छ । विगतका डेढ–दुईवर्षयता मुलुकभर लोडसेडिङ भएको छैन । लोडसेडिङका बखत तथा औद्योगिक क्षेत्रमा दैनिकजसो विद्युत् आपूर्ति नहुँदा उद्योगी व्यवसायीहरुले मार खेप्नु परेको थियो ।

कार्यालयका सूचना अधिकारी भन्सार अधिकृत इश्वरकुमार हुमागाईंका अनुसार चालु आर्थिक वर्षको पहिलो साउन महिनामा यो नाका भएर ६३ लाख ३९ हजार रुपैयाँ मूल्य बराबरका ३ वटा मेसिनरी सामान तथा पार्टपुर्जा आयात भएको छ । त्यसवापत कार्यालयले ६५ हजार रुपैयाँ राजस्व संकलन भएको थियो । भदौ महिना आयात घटे पनि त्यसपछिका महिनाबाट आयात बृद्धि भएको छ । भदौ महिनामा १५ लाख ७० हजार रुपैयाँका २ वटा सामान आयात गर्दा १८ हजार रुपैयाँ राजस्व संकलन भएको कार्यालयको अभिलेखमा उल्लेख छ ।

देशमा नयाँ नयाँ उद्योग सञ्चालनमा आउनु तथा पुरानाको मर्मत गर्न आवश्यक पर्ने यस्ता मेसिनरी सामानको आयात बृद्धिलाई नेपाली उद्योगी व्यवसायीहरुले सकारात्मक संकेतका रुपमा लिएको मेची उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष विजय डालमियाले बताए । पीएस वेभरेज प्रालि झापाका सञ्चालकसमेत रहेका उद्योगी डालमिया मेसिनरी सामानको आयात धेरै बढ्नु औद्योगिक वातावरणको राम्रो संकेत भएको बताउँछन् ।

भदौमा यस्ता वस्तुको आयात कम भए पनि असोजमा आयात एक्कासि बृद्धि भएको छ । असोज महिनामा १ करोड ७३ लाख ५८ हजार रुपैयाँ मूल्य बराबरका ३१ वटा मेसिनरी सामानको आयातमा पुगेको छ । त्यसवपात कार्यालयले १८ लाख २० हजार रुपैयाँ राजस्व संकलन गरेको सरकारी अभिलेख छ । यसैगरी, कात्तिकमा ३ करोड ८८ लाख ९१ हजार रुपैयाँका १५ वटा, मंसिरमा २ करोड ४६ लाख ११ हजार रुपैयाँका ६ सय ९२ वटा, पुसमा ३७ लाख ८९ हजार रुपैयाँका १ सय २ वटा आयात हुँदा माघमा भने यसको आयात शुन्य छ । आयात वापत कार्यालयले कात्तिक, मंसिर र पुस महिनामा क्रमशः ४ लाख २ हजार, २ लाख ५५ हजार र ४१ हजार रुपैयाँ राजस्व संकलन भएको कार्यालयले जनाएको छ ।

फागुनमा १ लाख ८४ हजार रुपैयाँका २ वटा सामान आयात वापत कार्यालयले ३ हजार रुपैयाँ, चैतमा ९८ लाख ८६ हजार रुपैयाँका ४६ वटा मेसिनरी तथा यसका पार्टपुर्जा आयात गरेवापत १ लाख १५ हजार र बैशाखमा ६८ लाख ८९ हजार रुपैयाँका २६ वटा त्यस्ता वस्तु आयातवापत ८२ हजार रुपैयाँ राजस्व संकलन भएको छ । विगतका वर्षमा मेसिनरी सामानको आयात यो नाकाबाट ठप्प प्रायः थियो ।

यस्ता वस्तुको आयात बृद्धिले औद्योगिक उत्पादन समेत केही बढाएको मेचीनगरका उद्योगी व्यवसायीहरुको भनाई छ । पछिल्लो समय विद्युत् आपूर्ति निरन्तर हुँदा तथा राजनीतिक स्थिरतासँगै उद्योगहरु चम्केका छन् । कतिपय उद्योगले उत्पादन क्षमता समेत वृद्धि गरिरहेका छन् । मुलुक राजनीतिक स्थिरतातर्फ लम्केको, स्थानीय, केन्द्र र प्रदेशमा स्थायी सरकार गठन भएसँगै व्यवसायीमा थप आशा जागेको छ ।

**ताजा फलफूल तथा जुस पाउने एकमात्र ठाउँ**



भद्रपुर–८, बिजुली अफिस अगाडी रहेको फलफूल पसलमा सबै प्रकारका फलफूल (स्याउ, सुन्तला, अनार आदी) पाउनुको साथै बिरामी तथा स्वास्थ्य मानिसको लागि फ्रेस जुस पनि पाईन्छ ।



सम्पर्क

श्याम फ्रुट्स एण्ड जुस सेन्टर

भद्रपुर ८, बिजुली अफिस अगाडी

९८२६७२१५२८

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ – हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ – छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ – मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ – नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ – कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ – छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ – बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ – मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ – बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ – मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ – पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ – नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ – मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# स्कटल्यान्डविरुद्ध नेपालको रोमाञ्चक जित

झापा(प्रस) । आइसीसी क्रिकेट विश्वकप लिग २ को चौथो शृंखलाअन्तर्गतको पहिलो खेलमा नेपालले स्कटल्यान्डमाथि १ विकेटको रोमाञ्चक जित निकालेको छ।
स्कटल्यान्डले दिएको २९७ रनको बलियो विजयी लक्ष्य पछ्याएको नेपालले ४९.५ ओभरमा २९७ रन बनाउँदै लक्ष्य पूरा गरेको हो।
अन्तिम ५ बलमा नेपाललाई जितका लागि ७ रन चाहिएको अवस्थामा अन्तिम ओभरको पहिलो बलमा सन्दिप लामिछाने क्याच आउट भए। अन्तिम विकेटको रुपमा रिजन ढकाल थिए। अन्तिम ओभरको दोस्रो बल वाइड भयो। अन्तिम ओभरको अन्तिम बलमा नेपाललाई जितको लागि १ रन चाहिएको अवस्थामा क्रिजमा थिए करण केसी। अन्तिम बल वाइड फालेपछि नेपालले जित निकालेको हो।

नेपालका लागि ओपनरद्वय कुशल भुर्तेल र आसिफ शेखले पहिलो विकेटका लागि ७२ रनको साझेदारी गर्दै नेपाललाई राम्रो सुरुवात दिएका थिए। तेस्रो र चौथो क्रमका ब्याटर भिम सार्की र रोहित पौडेलको विकेट गएपछि नेपालको इनिङ्स सम्हाल्ने ब्याटर कोही भएन। तर आठौं विकेटका लागि करण केसी र गुल्सन झाले ६० रनको साझेदारी गर्दै नेपाललाई खेलमा फर्काए। क्रिजमा रहेर करण केसीले उत्कृष्ट ६५ रनको अविजित पारी खेले। उनीसँगै रिजन ढकाल १ रनमा अविजित रहे।
नेपालले पहिलो विकेटका लागि ११.६ ओभरमा आसिफ शेखको विकेट गुमाएको हो। आसिफले ३३ बलमा २ चौका प्रहार गर्दै २० रनमा क्याच आउट भए। दोस्रो विकेट अर्का ओपनर कुशलको गयो। उनले यो खेलमा एकदिवसीय क्रिकेटमा आफ्नो नवौं अर्धशतक पूरा गरे। १२.४ ओभरमा कुशल ५३ रन बनाउँदै क्याच आउट भए। नेपालले



१६.३ ओभरमा २ विकेट गुमाउँदै १०० रन पूरा गर्यो।
२१.५ ओभरमा भिम सार्कीले २४ रन बनाएर खेलिरहेका भिममाथि एलबीडब्ल्युको अपिल भएको थियो। अन्ततः२८.३ ओभरमा नेपालले तेस्रो विकेटको रुपमा भिमको विकेट गुमायो। भिमले ४८ बलमा ३ चौकासहित ४० रन बनाउँदै पेभेलियन फर्किए। नेपालले १५२ रन बनाउँदा तेस्रो विकेट गुमाएको हो।
त्यसपछि नेपालले चौथो विकेटको रुपमा कप्तान रोहित पौडेलको विकेट गुमायो। नेपालले ३०.३ ओभरमा १६० रन बनाउँदा चौथो विकेटको रुपमा कप्तानलाई गुमाएको हो। पाँचौं र छैटौं विकेट उपकप्तान दिपेन्द्र सिंह ऐरी र आरिफ शेखको गयो। यी दुई ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। सातौं विकेट सोमपाल कामीको गयो। उनी खाता मात्रै खोलेर पेभेलियन फर्किए। सातौं क्रममा आएका गुल्सन झाले केही ठूला सटहरु खेल्ने कोशिस गरे। उनले आठौं विकेटका लागि करण केसीसँग ६० रनको अर्धशतकीय साझेदारी गर्दै खेलमा फर्काउने कोशिस गरेका थिए। उनले २९ बलमा समान ३ चौका र ३ छक्का प्रहार गरे। नेपालले ४५.३ ओभरमा ८ विकेट गुमाउँदै २५२ रन बनायो।
स्कटल्यान्डका लागि बलिङतर्फ ब्रान्डन म्याकमुलेन नेपालका लागि घातक बने। उनले १० ओभर बलिङ गर्दै २ मेडनसहित ३ विकेट लिए। ज्याक जार्भिस र माइकल लिस्कले २/२ विकेट लिए। मार्क वाट र जास्पर डेविटसनले १/१ विकेट लिए।
त्यसअघि, ब्याटिङ गरेको स्कटल्यान्डले निर्धारित ५० ओभरमा ७ विकेट गुमाउँदै २९६ रन बनाएको थियो। स्कटल्यान्डका लागि ओपनर चार्ली टियर नेपालका लागि घातक बने। उनले ७२ बलमा १२ चौका र १ छक्कासहित ८० रन बनाए। अर्का ओपनर जर्ज मुन्सेलाई भने रिजन ढकालले सस्तैमा पेभेलियनको बाटो देखाए। तेस्रो क्रममा आएका ब्रान्डन म्याकमसलेन १९ रनमा सोमपाल कामीको बलमा वसिर अहमदको हातमा क्याच भए।
कप्तान रिची बेरिङटोनले ४०, फिन्ले म्याकक्रिटले ५५ रन र विकेट किपर ब्याटर म्याथ्यु क्रसले ३९ रन बनाए। माइकल लिस्कले १८ रज बनाउँदा मार्क वाट र ज्याक जार्भिस क्रमशः १० र ४ रनमा अविजित रहे। नेपालका लागि करण केसी, सोमपाल कामी र रिजन ढकालले समान २/२ विकेट लिए। सन्दीप लामिछानेले १ विकेट लिए। नेपालले यस शृंखलाको दोस्रो खेल जुन ४ मा नेदरल्यान्ड्ससँग खेल्नेछ।

# राहत कोषमा कोषाध्यक्ष निरौलाद्वारा पुनः सहयोग

झापा(प्रस)।बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको व्यवसायी सदस्य राहत कोषमा यस वर्ष पनि युवा व्यवसायी युवराज निरौलाले आफ्नो जन्मदिनको अवसर पारेर २१ हजार एक सय ११ रुपैयाँ सहयोग गरेका छन् । गत वर्ष आफ्नै जन्मदिनको अवसरमा ११ हजार एक सय ११ रुपैयाँ कोषमा जम्मा गर्दै कोषको सुरुवात गरेका निरौलाले यो वर्ष पनि कोषबृद्धिका लागि उक्त रकम प्रदान गरेका हुन् । बिर्तामोड उद्योग वाणिज्य संघका कोषाध्यक्षसमेत रहेका उनले संस्थाका अध्यक्ष राजु न्यौपानेलाई रकम प्रदान गरेका थिए । सो अवसरमा निरौलाकी श्रीमती भीमा दुलाल निरौलाको समेत उपस्थिति रहेको थियो ।
मोवाइल पार्टस् तथा एशोसेरिजको व्यवसाय सञ्चालन गर्ने निरौला बिर्तामोडका स्थापित व्यवसायी हुन् । उनी मोवाइल एशोसिएसनका अध्यक्ष हुन् भने नेपाल उद्योग तथा व्यवसायी महासंघ बिर्तामोडको नगर अध्यक्ष हुन् । जन्मदिनको अवसरमा आयोजित कार्यक्रममा बोल्दै कोषाध्यक्ष निरौलाले कोषमा एक करोड रुपैयाँ नपुगुन्जेल आफ्नो जन्मदिनको अवसरमा रहेक वर्ष ११ हजार एक सय ११ रुपैयाँ प्रदान गर्दै जाने घोषणासमेत गरे । उनले विपतमा परेका व्यवसायीलाई सहयोग पुर्‍याउन स्थापना गरेको कोषमा रकम प्रदान गर्न आम व्यवसायीलाई समेत आग्रह गरेका छन् ।
व्यवसायी सदस्य राहत कोषका संयोजक राजकुमार घिमिरे 'राजु' सहितको उपस्थितिमा आयोजित कार्यक्रममा कोषवृद्धिका लागि सहयोग पुर्‍याउने निरौला दम्पत्तीलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो ।
संघका महासचिव कुशल खतिवडाले सञ्चालन गरेको कार्यक्रममा बिर्तामोडका व्यवसायीहरुको उपस्थिति रहेको थियो ।


## झापा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा, झापा, कोशी प्रदेश, नेपाल

**श्री सरोकारवाला सबै**
**झापा गाउँपालिका, झापा ।**

### विषयः सिपविकास तालिम सम्बन्धमा ।

प्रस्तुत विषयमा वैदेशिक रोजगारीको शिलसिलामा विदेश गई फर्केका ४० वर्ष मुनाका व्यक्तिहरुको लागि इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स सिपविकास तालिम संचालन गरिने हुँदा इच्छुक नेपाली नागरिकले मिति २०८२/०२/२२ गते भित्र रोजगार सेवा केन्द्रमा तपसिलको कागजात सहित निवेदन दिनुहुन जानकारी गराइन्छ ।

**तपसिल**
१. नागरिकताको फोटोकपी
२. पासपोर्टको फोटोकपी
३. एराइभल र डिपार्चरको फोटोकपी
४. शैक्षिक योग्यताको प्रतिलिपी


# कोशी प्रदेशलाई दिने अनुदान रकम निरन्तर घट्दो

झापा(प्रस) । संघीय सरकारले दिने विभिन्न अनुदानको रकम कोशी प्रदेशमा निरन्तर घट्दै गएको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको अन्तरसरकारी वित्तीय हस्तान्तरणको विवरणमा कोशी प्रदेशलाई चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्ष ८ करोड रुपैयाँ कम दिइने अनुमान गरिएको छ । कोशी प्रदेशलाई चालु आर्थिक वर्षका लागि २९ अर्ब ८ करोड ५२ लाख बजेट विनियोजन गरेको थियो । तर, वैशाख मसान्तसम्ममा १९ अर्ब ३७ करोड ७९ लाखमात्रै प्राप्त भएको छ । यसबिचमा राजस्व बाँडफाँट बाहेकको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान शीर्षकको रकममा उल्लेख्य कटौती भएको छ ।
आगामी आर्थिक वर्षका लागि भने संघीय




सरकारले समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान (पुँजीगत प्रकृति) गरी २९ अर्ब ६६ लाख मात्रै विनियोजन भएको छ ।
आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारले समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान र प्रदेशले पाउने राजस्व गरी २८ अर्ब २ करोड ७५ लाख ३३ हजार प्राप्त भयो ।
संघीय सरकारबाट समानीकरण र सशर्त अनुदान १४ अर्ब ६३ करोड ५३ लाख ३४ हजार प्राप्त हुने अनुमान गरेको थियो । तर, ११ अर्ब ५६ करोड ८७ लाख २७ हजार अर्थात् ७९.०५ प्रतिशत) मात्रै प्राप्त भएको थियो ।

आर्थिक वर्ष २०७९/८० मा ३० अर्ब ७५ करोड ७७ लाख ८२ लाख प्राप्त भएको थियो भने आर्थिक वर्ष २०७८/७९ मा २९ अर्ब ९६ करोड ६४ लाख ३६ हजार प्राप्त भएको थियो ।


## विराट बहुउद्देश्यीय सहकारी संस्था लि.
बिर्तामोड ३, सैनिकमोड, झापा

### कर्जा बुझाउने सम्बन्धी ३५ दिने सूचना
प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२१

यस विराट बहुउद्देश्यीय सहकारी संस्था लि. बाट कर्जा कारोवार गर्ने तपशील बमोजिमका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा तथा व्याजको सम्झौता बमोजिम नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउन पटक-पटक लिखित तथा मौखिक तागेता गर्दा समेत अटेर गरि हालसम्म आफूले तिर्न बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा व्याज फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन अन्तिम पटक यो ३५ दिने म्यादसहितको सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्नुहुन सुचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो वा एकाघर परिवारको चलअचल सम्पत्तिबाट सहकारी ऐन २०७४, नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६, नियमावली २०७६, संस्थाको विनियम २०७२, ऋण नीति २०७८ तथा नेपाल सरकारको प्रचलित कानून बमोजिम ऋणीलाई कालो सूचीमा राखी ऋण असुलउपरको लागि लिलामी प्रक्रिया अगाडि बढाउने कुरा यसै सूचना मार्फत सुचित गरिन्छ

**तपशील**

| क्र.सं. | ऋणीको विवरण | धितो विवरण |
|---|---|---|
| १ | ऋणीको नाम : चन्द्र प्रसाद कडरिया<br>ठेगाना : विर्तामोड-४, झापा<br>ना.प्र.नं. ०४१०१२/१२७४<br>बाबुको नाम : टिकाराम कडरिया<br>बाजेको नाम : नर प्रसाद कडरिया<br>पत्नीको नाम : निर्मला खतिवडा | क) जग्गाधनीको नाम : निर्मला खतिवडा<br>जग्गाधनीको बाबुको नाम : बाल मुकुन्द खतिवडा<br>पतिको नाम : चन्द्र प्रसाद कडरिया<br>जग्गा रहेको ठेगाना : अनारमनी-१, झापा<br>कि.नं. : २५९७ क्षेत्रफल : ४६५.६२ |
| २ | नाम : मैया किस्कू<br>ठेगाना : विर्तामोड-१०, झापा<br>ना.प्र.नं. ०२/२५७०<br>बाबुको नाम : सोमलाल मुर्मू<br>बाजेको नाम : भरत मुर्मू<br>पतिको नाम : लुकास किस्कू | क) जग्गाधनीको नाम : मैया किस्कू<br>जग्गाधनीको बाबुको नाम : सोमलाल मूर्मू<br>जग्गा रहेको ठेगाना : गरामनी-९, झापा<br>कि.नं. : २५३ क्षेत्रफल : ३३८.६३ |
| ३ | नाम : तिलोचन आचार्य<br>ठेगाना : विर्तामोड-३, झापा<br>ना.प्र.नं. ३५७४१०९७<br>बाबुको नाम : रामचन्द्र आचार्य<br>बाजेको नाम : प्रजापति आचार्य<br>पत्नीको नाम : धर्मकला आचार्य | जग्गाधनीको नाम : तिलोचन आचार्य<br>जग्गाधनीको बाबुको नाम : रामचन्द्र आचार्य<br>जग्गा रहेको ठेगाना : अनारमनी-७, झापा<br>कि.नं. : ७१५ क्षेत्रफल : २३६.८६ |
| ४ | नाम : विष्णु गुरुङ्ग<br>ठेगाना : विर्तामोड-१०, झापा<br>ना.प्र.नं. ३५७४४४१०<br>बाबुको नाम : सेर बहादुर गुरुङ्ग<br>बाजेको नाम : धन बहादुर गुरुङ्ग<br>पत्नीको नाम : लक्ष्मण गुरुङ्ग | जग्गाधनीको नाम : विष्णु गुरुङ्ग<br>जग्गाधनीको बाबुको नाम : सेर बहादुर गुरुङ्ग<br>पतिको नाम : लक्ष्मण गुरुङ्ग<br>जग्गा रहेको ठेगाना : गरामनी-९, झापा<br>कि.नं. : ७९६ क्षेत्रफल : ४२३०.१० |
| ५ | नाम : सरोज कुमार पाठक<br>ठेगाना : विर्तामोड-४, झापा<br>ना.प्र.नं. १११८२<br>बाबुको नाम : बेनु प्रसाद पाठक<br>बाजेको नाम : रामचन्द पाठक | जग्गाधनीको नाम : सोमनाथ शर्मा चापागाई<br>जग्गाधनीको बाबुको नाम : तुलसी प्रसाद शर्मा<br>जग्गा रहेको ठेगाना : गरामनी-९, झापा<br>कि.नं. : ७६६,७६८,७९३,९९८,७९१ क्षेत्रफल : ३४१.५६, ३४१.५६, ३८१.१२, ३८०.५, ३३८.६८ सोसँग रोग्गा रहेको अन्य जग्गा समेत । |
| ६ | नाम : विकास पाठक<br>ठेगाना : विर्तामोड-३, झापा<br>ना.प्र.नं. ०४१०१२/२३५०<br>बाबुको नाम : चन्द्र प्रसाद पाठक<br>बाजेको नाम : विष्णुलाल पाठक<br>पत्नीको नाम : मिना प्रसाई पाठक | जग्गाधनीको नाम : दुर्गा माया पाठक<br>जग्गाधनीको बाबुको नाम : मनरथ पनेरु<br>पतिको नाम : चन्द्र प्रसाद पाठक<br>जग्गा रहेको ठेगाना : अनारमनी-७, झापा<br>कि.नं. : २२५ र २२६ क्षेत्रफल :४२३.२५ र ६४०.०० |

**विराट बहुउद्देश्यीय सहकारी संस्था लि.**
**बिर्तामोड ३, सैनिकमोड, झापा**
**फोन नं.: ०२३-५३०८५३/५३४५५०**



## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना
प्रकाशित मिति २०८२/०२/२१

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

तपसिलः

**शाखा कार्यालय : मुख्य शाखा कार्यालय बिर्तामोड**

| | |
|---|---|
| **कर्जा शिर्षक : ब्यक्तिगत कर्जा** | |
| **ऋणी, धितो र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तीन पुस्ते बिवरण** | |
| **ऋणी :** जग्य प्रसाद ढुंगेलको नाति, नारद प्रसाद ढुंगेलको छोरा नागरिकता वमोजिम झापा जिल्ला, शनिश्चरे गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधारा न.पा., वडा नं. ६ बस्ने मिति २०५२/०४/१० मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.प.नं. ८२३१९७ भएको बर्ष ४८ को **योगेन्द्र प्रसाद ढुंगेल** । | |
| **धितो सुरक्षणको विवरण :** योगेन्द्र प्रसाद ढुंगेलको नाममा भुमिसुधार तथा मालपोत कार्यालय भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला, शनिश्चरे गा.वि.स., वडा नं. ८ स्थित कि.नं. २००२ को क्षेत्रफल ०-३-० (बि-क-धु) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : रेणुका आचार्य<br>बाबु : लक्ष्मी प्रसाद आचार्य<br>पति : योगेन्द्र प्रसाद ढुंगेल<br>ना प्र नं : ८५६१ (जारी मिति २०५३/०४/१३, पांचथर)<br>ठेगाना : हाल पांचथर जिल्ला, इम्बुङ गाउँ पञ्चायत, वडा नं. ५ स्थायी ठेगाना भै हाल झापा जिल्ला, अर्जुनधारा न.पा., वडा नं. ६ बस्ने । |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

# सरकार कमजोर

**सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६८ मा 'स्वच्छ प्रतिस्पर्धात्मक ढंगबाट यातायात व्यवसाय विकास गर्न सार्वजनिक सवारीलाई चक्रीय प्रणालीअन्तर्गत सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन' भन्ने प्रावधान छ। तर यसविपरीत यातायात व्यवसायीले सिन्डिकेट चलाएपछि सर्वोच्च अदालतले ०६१, ०६७ र ०७३ सालमा चरणबद्ध आदेश दिएर त्यस्ता संयन्त्र खारेज गरिदिएको थियो। त्यसपछि पनि यातायात व्यवसायीहरूले समिति बनाएर यातायात क्षेत्रमा खुल्ला प्रतिस्पर्धालाई निषेध गर्दै 'सिन्डिकेट' कायम गरेपछि २०७५ वैशाख ४ को मन्त्रिपरिषद्ले यातायात क्षेत्रमा रहेका सबै खालका सिन्डिकेट अन्त्यको निर्णय गरेको थियो। 'सिन्डिकेट' चलाइरहेका यातायात समिति त्यही निर्णयबाट खारेज भएका थिए । तर खारेज भइसकेको 'सिन्डिकेट' अझै अघोषित रूपमा चलिरहनुमा सरकारको कमजोरी छ। यही कमजोरीमा खेलेर उनीहरूले अहिले सवारी बन्द गर्ने धम्की दिने र राज्यलाई घुँडा टेकाउने रणनीति अपनाएका हुन्। जसमा उनीहरू सफल भएका छन्।**

**गण्डकी प्रदेशसभाबाट पारित ऐन, 'राइड सेयरिङ' सञ्चालनको पक्षमा सर्वोच्च अदालतले गरेका फैसला र औद्योगिक व्यवसाय ऐन २०७६ को संशोधित व्यवस्थाअनुसार नियमावली ल्याएको गण्डकी सरकारको भनाइ छ। प्रदेशसभाबाट २०७६ मा गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ पारित भएको थियो। ऐनको दफा १३ को उपदफा (४) मा निजी प्रयोजनका लागि दर्ता भएका सवारीसाधनले आवश्यक प्रक्रिया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्रु बिमा गरी यात्रु ओसार पसार गर्न सकिने व्यवस्था छ। सर्वोच्च अदालतले पनि २०८१ असार १३ मा 'राइड सेयरिङ' लाई कानुनी मापदण्डमा ल्याएर व्यवस्थित गर्न आदेश गरेको थियो। तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र न्यायाधीश टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले गरेको फैसलाको पूर्णपाठ गत पुसमा सार्वजनिक भएको थियो। पूर्णपाठमा 'राइड सेयरिङ' जस्ता यातायात सेवा व्यवसायको दर्ता, सञ्चालन, व्यवस्थापन र अनुगमनका लागि आवश्यक कानुनी व्यवस्था चाँडै लागू गर्न सरकारलाई निर्देशन दिइएको थियो।**

**यातायात व्यवसायीहरू भने सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा ८ ले निजी सवारी यातायात सेवाका लागि प्रयोग गर्न नपाइने र दफा १२ ले एक प्रयोजनका निम्ति प्रयोग भएका सवारी अर्को प्रयोजनमा प्रयोग गर्न नपाइने व्यवस्था गरेको तर्क गर्दै रातो नम्बर प्लेटका सवारी भाडामा लगाउन नहुने माग गर्दै आएका छन्। यो व्यवस्था लागू भए गण्डकी प्रदेशभित्र मात्र १५ हजार सवारीसाधनमा कार्यरत करिब ४५ हजारको प्रत्यक्ष रोजगारी गुम्ने र पेट्रोल पम्प, मोटर पार्ट्स, लुब्रिकेन्ट्ससँग सम्बन्धित काममा जोडिएका व्यक्तिहरू आफ्नो पेसा व्यवसायबाट विस्थापित हुने तर्क गरेका छन्। तर यी तर्क आफैंमा कमजोर छन्।**




# बजेट कार्यान्वयनमा अर्जुनदृष्टि



• उद्धव सिलवाल




आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड रुपियाँको बजेट ल्याएको छ। कुल बजेटमध्ये चालुतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६०.१ प्रतिशत, पुँजीगततर्फ चार खर्ब सात अर्ब ८९ करोड अर्थात् २०.८ प्रतिशत र वित्तीय व्यवस्थातर्फ तीन खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९.१ प्रतिशत रहेको छ। बजेटमा १३ खर्ब १५ अर्ब राजस्व र वैदेशिक अनुदानबाट ५३ अर्ब ४५ करोड प्राप्त गर्ने लक्ष्य राखिएको छ। यो कुल बजेट आकारमा पाँच खर्ब ९५ अर्ब ६६ करोड न्यून हो। यसलाई पूर्ति गर्न वैदेशिक ऋणबाट दुई खर्ब ३३ अर्ब ६६ करोड र तीन खर्ब ६२ अर्ब आन्तरिक ऋणबाट बेहोरिने गरी स्रोतको आकलन गरिएको छ। यसले बजेटको आकार बढे पनि त्यस अनुसार राजस्व नबढ्दा पाँच खर्ब ९५ अर्ब ऋण लिनुपर्ने बाध्यता देखिएको छ।

बजेटले सबै क्षेत्रलाई समेटेको छ। निजी क्षेत्रले बजेटको स्वागत गरिसकेका छन्। आर्थिक क्षेत्रका जानकारहरूले पनि बजेट समय अनुसारको आएको प्रतिक्रिया दिइसकेका छन्। देशका आधाभन्दा बढी जनसङ्ख्या अझै पनि कृषि पेसामा आबद्ध छन्। हरेक वर्षको बजेटले कृषिलाई उच्च प्राथमिकतामा राख्दै आएको छ। कृषिक्षेत्रको व्यावसायिकीकरण र यान्त्रिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिने बजेटमा उल्लेख छ। बजेटमा रासायनिक मल खरिदमा अनुदानसहित प्राङ्गारिक मल प्रयोगमा किसानलाई प्रोत्साहन दिने व्यवस्था गरिएको छ। कृषि बिमा, पशुपन्छी तथा मत्स्य बिमा कार्यक्रम, चैते धान प्रवर्धन, साना सिँचाइ परियोजनामार्फत सिञ्चित क्षेत्र विस्तार कार्यलाई प्राथमिकतामा राखिएको छ।

किसान सूचीकरण, 'एक गाउँ, एक प्राविधिक' कार्यक्रम, विषादी परीक्षण र सचेतना अभियान, संघीय तथा स्थानीय तहका हाटबजार, सङ्कलन केन्द्र, कोल्डस्टोर र प्रशोधन संरचना निर्माणका कार्यक्रम पनि बजेटमा परेका छन्। बिउबिजन उत्पादन, आपूर्ति तथा वितरण, चिया, कफी, अलैँची, छुर्पी जस्ता निर्यातमुखी बालीको उत्पादन वृद्धि, प्राङ्गारिक प्रमाणीकरण र निर्यात सहजीकरण, प्रयोगशालाको स्तरोन्नति तथा बाँझो जमिनको उपयोग जस्ता कार्यक्रमलाई बजेटले समेटेको छ। बर्षेनि अर्बौं रुपियाँको धान, चामल आयात भइरहेका बेला सरकारले दुई वर्षमा चामलमा आत्मनिर्भर हुने घोषणा गरेको छ। यो आफैँमा चुनौतीपूर्ण रहेको छ। किनकि चालु आवको वैशाखसम्ममा सरकारले १८ अर्ब ९५ करोड रुपियाँको धान र १५ अर्ब ७६ करोडको चामल आयात गरेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्क छ।

बजेटले शिक्षा, पर्यटन, उद्योगदेखि सूचना प्रविधि, वैकल्पिक ऊर्जा तथा वित्तसम्मलाई छोएको छ। विशेष आर्थिक क्षेत्रमा दिइएको सहुलियत र औद्योगिक क्षेत्रबाट ३० प्रतिशत निर्यात गर्दा पनि सुविधा दिने विषयले उत्पादनमूलक क्षेत्रमा सकारात्मक प्रभाव पार्ने देखिन्छ। सूचना प्रविधि उद्योगको प्रवर्धनका लागि डाटा सेन्टरलाई निरन्तरता र सहुलियत दरमा विद्युत् आपूर्तिको व्यवस्थाले बजेट उद्योगमैत्री रहेको छ। होटेल तथा रिसोर्टलाई पनि विशेष उद्योग सरह सुविधा दिइने, स्वदेशमा नै नयाँ उद्यम गर्न खोज्नेलाई विभिन्न कार्यक्रम बजेटले ल्याएको छ। पूर्वाधार निर्माणमा पनि बजेटले कतिपय पुराना आयोजनालाई हटाएको छ भने अरूलाई पूरा गर्ने नीति लिएको छ। बजेटमा आधुनिक र गुणस्तरीय पूर्वाधार निर्माण गरी मुलुकको आर्थिक, सामाजिक विकासलाई तीव्रता दिइने, सुरक्षित र भरपर्दो आवागमनका लागि दिगो सडक सञ्जालको विस्तार गरिने, द्रुतमार्ग, अन्डरपास र ओभरपास जस्ता आधुनिक पूर्वाधार निर्माणलाई तीव्रता दिइने उल्लेख छ। सहरी तथा संवेदनशील भूबनोट भएका क्षेत्रमा गुणस्तरीय र दिगो सडक निर्माण गर्न सिमेन्ट, छड, गिट्टी र बालुवा प्रयोग गरी आरसिसी ढलानसहित कालोपत्रे गरिने भनेकाले यसले स्वदेशी निर्माण सामग्रीको खपत वृद्धि भई सडक पूर्वाधार टिकाउ बनाउनेतर्फ बजेटले काम गर्ने देखिएको छ।

आव २०८०/८१ को बजेटले छ प्रतिशतको आर्थिक वृद्धिदर र ६.५ प्रतिशतमा मुद्रास्फीतिलाई कायम राख्ने लक्ष्य लिएको थियो। आर्थिक वृद्धिको लक्ष्य पूरा हुन सकेन। आर्थिक सर्वेक्षण २०८०/८१ ले आर्थिक वृद्धि ३.८७ प्रतिशत रहने बताइएको थियो। त्यसै गरी चालु बजेटमा छ प्रतिशतको आर्थिक वृद्धि र ५.५ प्रतिशतको मुद्रास्फीति हुने लक्ष्य राखिएकामा आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार कृषि, विद्युत् तथा ग्यास, यातायात तथा भण्डारणलगायतका क्षेत्रमा भएको वृद्धिका कारण चालु आव नेपालको आर्थिक वृद्धिदर ४.६१ प्रतिशत रहने अनुमान गरेको छ। यस्तो अवस्थामा आगामी वर्षको बजेटमा छ प्रतिशतको आर्थिक वृद्धि र ५.५ प्रतिशतको सीमाभित्र मुद्रास्फीति रहने लक्ष्य निर्धारण गरिएको छ। अघिल्ला वर्षमा पूरा हुन नसकेको आर्थिक वृद्धिको लक्ष्यलाई पूरा गर्ने दिशातर्फ बजेटमा समावेश गरिएका कार्यक्रमलाई पूरा गर्न सके मात्रै लक्ष्य अनुसार आर्थिक वृद्धि हासिल गर्न सकिन्छ।

बजेटमा स्रोतको अभाव भन्दै कर्मचारीको तलब वृद्धिको विकल्पमा महँगी भत्ता तीन हजार रुपियाँले वृद्धि गरिएका कारण समग्रमा खर्च व्यवस्थापनमा सरकारलाई सहज हुने छ। स्रोत अभावमा सामाजिक सुरक्षा भत्ता नबढे पनि मुद्रास्फीतिलाई लक्षित सीमामा राख्न सकेमा यसले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने छ। बजेटले देशको उत्पादन प्रणालीलाई मजबुत बनाउनेतर्फ सम्बोधन गरेको छ। आर्थिक परनिर्भरताको यात्रालाई न्यूनीकरण गर्ने बजेटले बताएको छ। वस्तु तथा सेवामा पनि अन्य देशको भर पर्नुपर्ने अवस्था क्रमशः कम हुँदै जानेमा बजेट आशावादी रहेको छ। अघिल्लो वर्षको भन्दा आगामी वर्षको बजेटको आकार केही ठुलो छ। बजेटले आन्तरिक ऋणको दायित्व वृद्धिसँगै भविष्यमा पनि पुँजीगत खर्च हुन नसक्ने र ऋण मात्रै बढ्दै जान सक्ने सम्भावनालाई न्यूनीकरण गर्नुपर्ने देखिएको छ। केही वर्षदेखि बजेट खर्च गर्ने क्षमता कमजोर देखिँदै आएको छ। बजेट निर्माणपछि कार्यान्वयन पक्षमा देखिएको लचिलोपनले राष्ट्रिय अर्थतन्त्रमा जति सुधार आउनु पर्थ्यो, त्यति आउन सकेको देखिँदैन। त्यसैले बजेटको आकार वृद्धिसँगै बजेट खर्च गर्ने कार्यलाई साउनदेखि नै निरन्तरता दिन सकेमा पुँजीगत खर्चमा विनियोजित रकम खर्च भई आर्थिक विकासमा सहयोग पुग्ने आशा गर्न सकिन्छ।

आन्तरिक ऋणलाई केही कम गरी वैदेशिक ऋणलाई अझ बढाउन सकेको अवस्थामा बजारमा आर्थिक गतिविधि बढ्न जाने थियो तर अहिले अधिक तरलताको अवस्था रहेको हुँदा वैदेशिक ऋणको आकार जति बढी भयो त्यति नै तरलता थप हुने हुँदा सरकारले आन्तरिक ऋणभन्दा वैदेशिक ऋण एक खर्ब १९ अर्ब कम गरेको हुन सक्छ। जेहोस् तरलता बढी हुँदा बैङ्क ब्याज कम हुन गई उद्योगधन्दामा सहज कर्जा विस्तारको वातावरण निर्माण भने हुने थियो। आन्तरिक ऋणका कारण फेरि तरलता अभाव हुन सक्ने सम्भावना भने बजेटले देखाएको छैन। चालु आवमा राजस्व असुली १२ खर्ब ६७ अर्ब पुग्ने अनुमान गरिएको छ। त्योभन्दाअघि १० खर्ब ८२ अर्ब राजस्व असुली भएको थियो। आगामी बजेटको लक्ष्य १४ खर्ब ८० अर्ब रुपियाँ राखिएको छ। यो पछिल्लो संशोधित अनुमानको तुलनामा करिब १८ प्रतिशत बढी हो। सरकारले आगामी वर्षको लक्ष्य पूरा गर्न करिब २८ प्रतिशत राजस्व बढाउनु पर्छ। यो कार्य भने आफैँमा चुनौतीपूर्ण रहेको छ।

मुलुकमा अहिले बेरोजगारी समस्या विकराल बन्दै गएको छ। आर्थिक रूपले निष्क्रिय वर्ग घट्न सकिरहेका छैनन्। वर्तमान समयमा सर्वसाधारणको दैनिक जीवन असहज हुनुमा सबैभन्दा प्रमुख कारण बढ्दो महँगी बनेको छ। दिनप्रतिदिन वस्तु तथा सेवाको मूल्य अकासिँदै गएको छ। तर त्यस अनुसार आम्दानीका स्रोत सिर्जना हुन सकिरहेका छैनन्। आर्थिक वृद्धिलाई अर्थतन्त्रको वास्तविक राष्ट्रिय आयमा दिगो वार्षिक वृद्धिका रूपमा परिभाषित गर्ने गरिन्छ। आर्थिक वृद्धि भनेको स्थिर मूल्यमा राष्ट्रिय उत्पादनको बढ्दो प्रवृत्ति हो। प्रतिव्यक्ति आयको हिसाबले आर्थिक वृद्धि भनेको देशको वास्तविक प्रतिव्यक्ति आयमा हुने वार्षिक वृद्धि हो। आर्थिक वृद्धिको मुख्य उद्देश्य भनेकै जनताको जीवनस्तर उकास्नुलाई लिइन्छ। यस्तो अवस्थामा बजेटले निर्धारण गरेको सीमाभित्र मूल्यवृद्धि र छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न कृषि, पर्यटन र पूर्वाधारका क्षेत्रमा समावेश गरिएका कार्यक्रमलाई कार्यान्वयन गर्ने पक्ष महत्वपूर्ण हुने देखिएको छ।

# समुन्नत समाजवादको बहस



• वामदेव क्षेत्र (घिमिरे)

नेपालमा भर्खरै सामन्ती युगको अन्त्य भए पनि पूर्ण रूपमा अन्त्य भइसकेको छैन। यसको अन्त्यबिना पुँजीवादको विकास गर्न सकिँदैन। पुँजीवादी लोकतान्त्रिक युगको सङ्क्रमणकालीन अवस्था भन्न सकिएला। कतिपयले पुँजीवादको पूर्ण विकास भए मात्र समाजवाद अर्थात् समुन्नत समाजवाद आउने तर्क गर्छन् तर त्यो सत्य होइन, यसलाई प्रस्ट पार्न केही सैद्धान्तिक छलफल वा बहसको आवश्यकता पर्छ।

हामीले बुझ्ने समाजवाद के हो ? समाजवादी चिन्तनको विकासक्रम कस्तो छ। समाजवाद र पुँजीवादबिचको भिन्नता के छ, पुँजीवाद र साम्यवादको फ्युजन वा तेस्रो बाटो भनिएको प्रजातान्त्रिक समाजवादको अभ्यास र सम्भावना कस्तो देखियो। समाजवादका शास्त्रीय विचार र अबको दुनियाँमा क्रियाशील जनसूत्रवादी विचार क्रियाशील हुन सक्छन् कि सक्दैनन्। पुँजीवाद र समाजवादबिचको अन्तर र समानता के हो ? समाजवादको सामाजिक चिन्तन दर्शन र सिद्धान्तमा कहाँनेर फरक छ ? यस्ता थुप्रै यस्ता प्रश्नको जवाफ वा बहस नेपालको बौद्धिक वर्ग र नेपाली जनताले व्यवहारमा खोजिरहेका छन्। यी सबैका बारेमा बहसको थालनी यस लेखमा मात्र सम्भव छैन। यहाँ केवल समाजवादको थालनी, समाजवादको विघटन र अहिले बहसमा आएका समुन्नत समाजवाद र सामुदायिक समाजवादको पनि संक्षिप्त विषय मात्र राखेपछि पाठकले बहस थालनी गर्ने छन्।

समाजवादको पहिलो विचारधारालाई 'युरोपियन समाजवाद' भन्ने गरिएको छ। पूर्वीय सभ्यताको रामराज्य र पाश्चात्य जगत्मा प्लेटोनिक साम्यवादको अवधारणाले यस्तो समाजवादी चिन्तनलाई प्रश्रय दिएको हो। आधुनिक युरोपमा देखा परेको 'फेबियन समाजवादी' हरूका कैयौँ विशेषता युरोपियन धारसँग मिल्दाजुल्दा थिए। काल्पनिक समाजवादी आध्यात्मिक कम्युन प्रणालीसमेत विश्वास गर्थे। बौद्ध गुम्बा क्रिस्चियन, चर्च र हिन्दु आश्रमको उद्देश्य निजी सम्पत्तिविहीन जीवन प्रणालीको अभ्यास गर्नु थियो। मिठा कल्पना, नैतिक उपदेश, भद्रता, आध्यात्मिक आदर्श, सादा जीवन पद्धति र गृहस्थ जीवनप्रतिको विश्वासबाट यस्तो समाजवादी चिन्तन बनेको थियो।

प्रुधो, सेन्ट साइमन, चार्ल्स फुरियर र रोबर्ट ओमन थुप्रै युरोपेली वैज्ञानिक चिन्तनले यस्तो समाजवादी धारालाई विकास गरेका थिए। यी सबैको अध्ययन गर्दै कार्ल मार्क्सले १९ औं शताब्दीमा धरातलीय यथार्थमा आधारित भएर विपन्न सर्वहारा वर्गको दयनीयता र प्रारम्भिक पुँजीवादलाई आधार बनाएर मार्क्सले समाजवादको भावधारालाई विकास गरेका थिए। लेनिनले त्यसलाई सोभियत सङ्घ रुसमा लागु गरे। समाजवाद त लागु भयो युरोपेली समाजवादको लहर पनि आयो तर त्यो असफल पनि भयो। त्यसका केही कारण छन्।

पहिलो, समाजवाद लागु गर्दा लोकतन्त्रको कुनै मूर्त र प्रस्ट ढाँचा नै बनाउन सकिएको थिएन। त्यो समयमा रुसमा जुन प्रकारको राजनीतिक प्रणालीको अभ्यास गरियो, त्यो प्रणाली नै लोकतान्त्रिक ढाँचाको भएन भनेर जतातत्तै आवाज उठ्न थाल्यो। लोकतन्त्र प्रणाली विकास नगर्दा उनीहरू अधिनायकवादको समस्यामा फसेका थिए। दोस्रो, जनताले सार्वभौम बालिग मताधिकार विचारका रूपमा राजनीतिक सङ्गठनको स्वतन्त्रताको अनुभव नै जनताले गर्न पाएनन्। तेस्रो, अधिनायकवाद अभ्यासका कारण एकातिर पार्टी ब्युरोक्रेसीमा नयाँ सम्भ्रान्त शक्तिशाली वर्गको उदय भयो, जनतालाई राज्यको कृपामा निर्भर हुनुपर्ने, अधिकारविहीन तथा शक्ति र साधनविहीन वर्ग उत्पन्न भयो।

समाजवादीको उद्देश्य उत्पादनका साधनको राष्ट्रियकरण गर्नु त्यसको मुख्य आर्थिक ढाँचा थियो। मूलतः निजी स्वामित्व र सार्वजनिक स्वामित्वबिचको गतिशील सन्तुलनलाई त्यसले कायम गर्न सकेन। त्यसले गर्दा मानिसलाई कामप्रति उत्प्रेरित गर्ने र त्यसको प्रतिफल पाउनेतर्फ क्रियाशील गराउन सकेन। सँगसँगै पत्नीको पुनरुत्पादन हुन सकेन र उत्पादन घट्यो। त्यसैले काम गर्न सकेन। विविध कारणले राज्य नियन्त्रित समाजवाद विघटन हुन पुग्यो। अहिले समाजवादबारे कुरा उठेको छ।

नेपालमा पनि संविधानमा नै समाजवादोन्मुख लेखिएको छ। सबैको जनजिब्रोमा समाजवाद भन्ने विषय उठ्दै आएको छ तर कसैको पनि खास योजना देखिँदैन। अहिले नेपाली समाजमा दुई वटा समाजवादका विषय उठेका छन्। पहिलो, समुन्नत समाजवाद र दोस्रो सामुदायिक समाजवाद। मुख्यतः खुला अर्थतन्त्र, निजित्व मुनाफाको निर्बाध अधिकार, निजीकरण र निजी स्वामित्वको निर्बाध अधिकार दिएको समाजव्यवस्थालाई पुँजीवाद भन्ने गरिन्छ। त्यसको ठिक विपरीत सामूहिकता, राज्य अर्थतन्त्र, सार्वजनिक स्वामित्वको निर्बाध प्रयोग, मुनाफाविहीन अर्थतन्त्र, उत्पादनका साधनको राष्ट्रियकरण भएको समाजव्यवस्थालाई समाजवाद भनिन्छ।

हामीले द्वन्द्ववादी प्रणालीबाट हेर्नु पर्छ। यी दुवै प्रणालीमध्ये कुनैको पक्षपोषण नगर्नु नै समुन्नत समाजवादको व्याख्या हो। मुख्य नेपाली समाजमा व्यक्तिमा समुदाय निजित्व र सामूहिकता सार्वजनिक स्वामित्व र निजी स्वामित्व, राष्ट्रियकरण र निजीकरण बजारयन्त्र र राज्ययन्त्र, सेवा र मुनाफा दुवै पक्षको सन्तुलित उपयोग गर्ने मोडलको समाजवाद नै समुन्नत समाजवाद भनिएको छ।

बहस बाँकी नै छ। हामीले दुई प्रवर्गमध्ये कुनै एक प्रवर्गको पक्षको निरपेक्ष समर्थन वा विरोध गर्न हुँदैन। हामीले नेपालको मौलिकतामा यस्तो समाजवादी ढाँचा आजसम्म भन्ने गरिएका ढाँचाभन्दा फरक हुनु पर्छ।

समुन्नत समाजवादको केही कुरा माथि उल्लेख गरिएको छ। अब अर्को बहस सामुदायिक समाजवादको पनि उठेको छ। विभिन्न विषयमा छलफलले नेपालको वस्तुगत अवस्था अनुसार समाजवादको आवश्यकता छ र बहस त्यहींनेर केन्द्रित हुनु पर्छ। सोमता घिमिरे लेख्नुहुन्छ, "हामीले हाम्रो समाजको विविधतालाई ख्याल गरी समाजवादको बहस गर्दै जानु पर्छ," समाजवादका सामूहिकता अभ्यास स्वयंसेवी समूह, उत्पादनको वृद्धि र वितरणमा न्याय हो। जहाँ उत्पादन हुन्छ त्यहाँ रोजगारी पनि हुन्छ। यो बहसले पुँजीवादको विकास कुन तरिकाले गर्ने हो, त्यसबारे मेल खाँदैन।

नेपालमा फेरि प्रगतिशील पुँजीवाद नभएर दलाल नोकरशाही पुँजीवादको बोलबाला छ। हो, समाजवाद स्थानीयस्तरबाट आर्थिक कार्यक्रम जनताको सार्वभौमिकता, सांस्कृतिक विविधता र सामाजिक अभ्यासमा टेकेर मात्र अगाडि बढ्न सक्ने प्रश्न सही हो तर त्यसैले मात्र पुँजीवादको विकास त हुँदैन। कतिपय आर्थिक असन्तुलन छन्। हामीले कर्णाली प्रदेश र बागमती प्रदेशलाई समान रूपले तुलना गर्न सक्दैनौँ। नेपालमा प्रविधि, पुँजी, मानवीय स्रोत जो विदेश पलायन भएको छ, त्यसलाई रोक्न सके उत्पादन बढाउन सकिने प्रबल सम्भावना छ। बजार व्यवस्थापन र वितरण प्रणाली सामाजिक न्यायमा आधारित बनाउने हो भने समाजवादको यात्रामा पाइला टेक्न सकिन्छ।

समाजको कुरा गर्दा औद्योगिकीकरण, रोजगारी, सामाजिक न्यायका शृङ्खलालाई ध्यान दिन आवश्यक छ। हामीले दुई वटा समाजवादका मोडलबाट सकारात्मक कुरा राखेर नेपालको बसाइँसराइलाई रोक्न सकियो भने गाउँमा हुने जल, जङ्गल, जमिनलाई उत्पादनशील बनाउन सके पुँजीको विकास मात्र होइन, समाजवादको यात्रा तय गरिने छ।

# राजतन्त्रविरुद्ध महिला नेतृको महान् त्याग र समर्पण



• मिथिला पोखरेल

नेकपा एमाले केन्द्रीय पार्टी कार्यालयले सेल्टर नामको ऐतिहासिक महत्वपूर्ण पुस्तक प्रकाशन गरेको छ । यस किताबको सम्पादन र संयोजन नेता प्रदीप ज्ञवालीले गर्नु भएको छ । भाषा इश्वरी ज्ञवालीले हेर्नु भएको रहेछ । कभरको डिजाइन महेन्द्र श्रेष्ठ र लेआउट किरण मालीले गर्नु भएको रहेछ । यस कृतिको पहिलो लेख पार्टी अध्यक्ष के.पी.शर्मा ओलीको रहेको छ र उहाँले राजतन्त्र काल सामन्ती शासन व्यवस्थामा निर्धा निमुखा अशक्त र असहायलाई चरम अन्याय गर्दा पनि चुइक्क बोल्न नपाइने बोले अनि शोषक सामन्तीको पोल खोले कठोर दण्ड जेल नेलमा हाल्ने जस्ता दमन हुने गर्थे भन्ने कुरा उल्लेख गरिएको छ । यसबाट पनि राजा,राजतन्त्र र सामन्तवादी शासनमा जनता र देशलाई माया पनि गर्न नपाइने अवस्था खुलस्त पारिएको छ । यसका तुलनामा लोकतन्त्र गणतन्त्र काल धेरै मानेमा प्रगतिशील छ तर यहाँभित्र अझै पनि देश र जनताका हितमा काम गर्न नपाउने र नदिने अवस्था पनि देखिन्छ ।

अष्टलक्ष्मी शाक्यले 'जनताको घर हाम्रो आश्रय स्थल' लेखमा अविवाहित अवस्थामा भूमिगत भएको ,१५ महिने छोरालाई आश्रय स्थलमा रुवाउँदै छाडेर पार्टी काममा लागेको,छोराले आमा सम्झेर रुँदा पनि भेट्न नआई कठोर भूमिगत हुँदै देश र जनताका हितमा लागेको बताउनु भएको छ । गोमा देवकोटाले 'मलाई जोगाउने सेल्टरहरु' लेखमा ऋषि देवकोटा आजादको निर्मम हत्यापश्चात् भोग्नु परेको असहनीय पीडा,रात बिरात भूमिगत काम गर्नु परेको, , ए इन्दिरा गान्धी हाम्रा छोरी बुहारी बिगार्न आइस् भन्दै आफूलाई हप्काएका विषय उल्लेख गर्नु भएको रहेछ । जया घिमिरले 'राजनीतिक यात्रा र सेल्टर' लेखमा बुबा पाण्डवराज घिमिरेको प्रेरणामा राजनीतिक यात्रा गरेको ,भूमिगत अवस्थामा पक्राउ परेर डोरीले बाँधिएको असाध्य पीडामय अवस्थामा आफू भाग्न खोज्दा प्रहरीले गोली चलायो तर बन्दुक आकाशतिर पड्किएको हुँदा बाल बाल बचेको बताउनु भएको छ । यसमा उतिबेला अत्यन्त सक्रिय सन्जिता गिरी लगायत नेताको नाम रहेछ । गिरी त म ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्जमा आइ. ए. पढ्दा पनि हुनुहुन्थ्यो । पवित्रा निरौलाले 'पार्टीका वास्तविक अभिभावक' शीर्षक लेखमा दुधे बजार दक्षिणतर्फ बिरान डाँडामा पार्टीका सेल्टरहरु रहेको उल्लेख गर्नु भएको छ । विरोधीहरुले बिरान डाँडालाई बामे डाँडा भन्ने गरेको,जनवादी संस्कृतिको प्रचार गरेको प्रसंग पवित्राले उल्लेख गर्नु भएको छ । उहाँले जनवादी द्यौसी भैली खेलेको,प्रहरीले सेल्टरमा छापा मार्दा चलाखी गरेर आफू मात्र सुरक्षित भएको बताउनु भएको छ । पूर्ण शोभा चित्रकारको 'मेरो सम्झनामा ती घरहरु' लेखमा भूमिगत कालका अनेक दुखद् विवरण उल्लेख गरिएको छ । मेनका काफ्लेले 'देउता लुकाउने सेल्टर' लेखमा सेल्टर घरका पूजा कोठामा लुकेर काम गरेको अनुभव, १३ वर्षका उमेरदेखि समाजमा हुने अन्याय अत्याचारविरुद्ध लाग्दा लाग्दै पञ्चायत विरोधी आन्दोलन हुँदै तत्कालीन माले पार्टीमा आबद्ध भई भूमिगत काम गरेको उल्लेख छ । लीला कट्टेलले 'कहिले सेल्टर कहिले जेल' शीर्षक लेखमा भारतीय दिनमान पत्रिकामा राजनीतिक कार्यक्रममा उपस्थित भएको आफ्नो फोटो छापिएको,सुखानीको हत्या र बीपी कोइरालासँगको भेटले राजनीतिमा चासो लागेको ,विद्यार्थी कालमा मण्डलेको आक्रमणमा बारम्बार परेको,तर आफ्नो लडाकु स्वभावका कारण सशक्त प्रतिकार गरेको,दिनभरि बाख्राका खोरमा लुकेको,जनवादी सांस्कृतिक गीत संगीत कार्यक्रम गरेको यावत कुरा उल्लेख गरिएको रहेछ । लोचना अधिकारीले 'सेल्टरदाता र भूमिगत कार्यकर्ता 'नामको लेखमा ,जहाँ त्याग, बलिदान र समर्पण गरिन्छ । त्यसैको बढी माया हुन्छ । हत्केलामा आगो राखेकालाई मात्र पोलेको अनुभव हुन्छ भन्ने कुराबाट लेख सुरु गर्नु भएको रहेछ । हुन पनि महिलाको पीडा महिलालाई जत्ति बढी कसलाई थाहा हुन्छ । अनि राजतन्त्र कालको कालरात्रिको कहर त्यति बेलाका भोग्नेलाई वास्तविक दर्द थाहा हुन्छ । अधिकारीले आफ्ना बुबाले नजारी बन्धन र मुक्ति पढ्न दिनु भयो र अध्ययन गर्ने बानी बस्यो , महिलाहरुका कथा व्यथाबाट राजनीतिमा चासो र चस्को जाग्यो ।

पारिपाखा वनपालेमा न्याउली करायो ,नबुझेर भन्थेँ, मैले सिक्री लाउन पाइएन दासताको साङ्लो रैछ अब चाहिएन भन्ने खालका गीत कविता लेखेको लेखमा बताउनु भएको छ । उहाँले परिवारका सबै सदस्यहरुलाई राम्ररी बुझाएर भूमिगत आश्रय स्थलको तयारी गरेको ,रात बिरात पार्टी काममा जाँदा बाघसित जम्काभेट भएको तर रुख चढ्न जानेकाले आधा रातसम्म रुखमा आश्रय लिएर सुरक्षित भएको ,भूमिगत हुँदा गर्भवती हुँदा स्वास्थ्य बिग्रिएको, घाम समेत देख्न पाएको र यसका कारण सन्तान कुपोषणको पनि शिकार र अपाङ्गता भएको अत्यन्त दुःखदायी घटना उल्लेख गर्नु भएको रहेछ । प्रथम महिला राष्ट्रपति विद्या भण्डारीको सेल्टर विषयका विशेष अनुभूति पनि यसमा छन् । मदन भण्डारीसित पार्टीले विवाह गरिदिने सुनिश्चित नै भए पनि औपचारिक रुपमा विवाह नगरेको स्थिति सेल्टरमा उल्लेख रहेको छ । दुबै भूमिगत कालमा विभिन्न जिल्लामा जाँदा अलग अलग ओछ्यानमा सुतेको प्रसंग पढियो । अहिलेका युवालाई यो अलि अचम्म लाग्ने विषय होला । अझ विद्याले भूमिगत कालमा भोगेको अनकौं कष्ट र कहर यहाँ उल्लेख गरिएको रहेनछन् । त्यसबेलाका सबै कुरा थाहा पाउने कविचन्द्र पोखरेल महाकवि भानुभक्त पोखरेलका जेठा छोराले उतिबेला भने अनुसार विद्याको जीवन सारै कठिन थियो । दुई-दुई छोरीलाई आफैँले मात्र लालन पालन गर्दै विद्यालयमा पनि पढाउँदै जीवन निर्वाह गरेको र भूमिगत रुपमा काम गरेको दर्दनाक कुरा पोखरेलले सुनाएका थिए । विशेषतः नेपाली महिलाले के कतिसम्म कठोर भूमिगत कालमा देश र जनताको मुक्तिका लागि गरेको त्याग,योगदान र बलिदान गरेको चर्चा यस किताबमा रहेछ । आमालाई पुरुषका तुलनामा दोहोरो मात्र होइन तेहरो जिम्मेवारी हुन्छ । यी सब जिम्मेवारीका साथ पार्टीमा युवा उमेरदेखि नै कठोर भूमिगत हुनु यो गौरवको विषय हो । तर महिलालाई समान अधिकार दिने सबालमा हामी कहाँ छौं मनन गर्नु पर्छ । म आफैं पनि उतिबेला खुल्ला रुपमा गरेका कष्टकर दिनहरु अहिले सम्झिँदा आफ्नै आङ सिरिङ्ग हुन्छ । ०४६ सालको आन्दोलनमा नौमहिने गर्भवती म ढुङ्गालाई शहीदको प्रतीक बनाएर इटहरीको चोक परिक्रमा गर्दा ट्राफिक प्रमुखले मोटरसाइकल हाम्रै समूहमा आतंकित गर्ने गरी प्रवेश गराएका थिए । ०६२ ,०६३ को आन्दोलनमा पनि सडकमै जुलुस गर्दा १३ दिन सशस्त्र प्रहरी गण पकली,सुनसरीमा १३ दिन थुनामा परियो । राजतन्त्र कालका कालरात्रि कतिसम्म कठिन थिए भन्ने कुरा सेल्टरमा पढ्न पाइन्छ । यति मिहेनत,परिश्रम र लगानी गरेर आर्जन गरेको गणतन्त्रविरुद्ध लाग्नै सकिन्न । जे जस्ता असन्तुष्टि भए पनि गणतन्त्रलाई जोगाउन सकियो भने जबज अनुसारको नेपाली विशेषताको वास्तविक रुपमा जनताको गणतन्त्र ल्याउन सकिन्छ । त्यसैले अहिलेको गणतन्त्र राजा महाराजले जनतालाई दिएको पाएको प्राप्त गरेको नभई पार्टी अध्यक्षले भनेझैं जनताले आर्जन गरेको हो ।

(इटहरी निवासी लेखक एमाले कोशी प्रदेश सल्लाहकार हुन् ।)

# बिर्तामोडमा बन्दकर्ताले गरे बस तोडफोड




झापा(प्रस)। सोमवारदेखि अनिश्चितकालीन बन्द आव्हान गरेका यातायात व्यवसायीहरुले बिर्तामोडमा एउटा बस तोडफोड गरेका छन् । मंगलवार बिहान १० बजे बिर्तामोड -५ स्थित शनिश्चरे रोडमा इलामको दानाबारीबाट यात्रु लिएर आएको को १ ख ७२०४ नम्बरको रकेट यातायातको बसलाई करिब १० जनाको संख्यामा रहेका बन्दकर्ताहरुले बाटो छेकेर बन्दको अवज्ञा भन्दै अगाडिको सिसामा ढुङ्गा प्रहार गरेका हुन् । सीसा तोडफोड गरी बन्दकर्ताहरु फरार भएका छन् भने ढुङ्गा प्रहारबाट बसमा सामान्य क्षति पुगेको छ । उक्त बसलाई बस चालकले सुरक्षित स्थानतर्फ लगेको बताइएको छ । साथै, बिर्तामोडको पश्चिम बस स्टेण्ड अगाडि बन्दकर्ताले कालो नम्बर भएका सवारी साधनहरु रोकेर मंगलवार पनि अवरोध गरेका थिए ।

# यातायात व्यवसायीको आन्दोलन फिर्ता

झापा(प्रस)। यातायात व्यवसायीहरूले आन्दोलनका कार्यक्रमहरू फिर्ता लिएका छन्। गण्डकी प्रदेश सरकारले राइड सेयरिङ नियमावली एक महिनाका लागि स्थगित गर्ने निर्णय गरेपछि यातायात व्यवसायीहरूले आन्दोलनका कार्यक्रमहरू फिर्ता लिएका हुन्।

मंगलवार साँझ बसेको बैठकले देशव्यापी आन्दोलनका कार्यक्रम फिर्ता लिने निर्णय भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले जानकारी दिए।

गण्डकी प्रदेश सरकारले राइड सेयरिङ नियमावली ल्याएसँगै यातायात व्यवसायी आन्दोलित बनेका थिए। जसका कारण देशभरिका सार्वजनिक यातायात ठप्प भएको थियो।

प्रधानमन्त्री कार्यालयको पत्रपछि गण्डकी प्रदेश सरकार पनि हाललाई उक्त नियमावलीलाई स्थगित गरेको जानकारी दिएको हो।

# नेपाली बिउमा छैन आकर्षण, आयातितमै भर

झापा(प्रस) ।धानको बिउमा परनिर्भरता अन्त्य गर्न कोशी प्रदेश सरकारले सरकारी, निजी र समुदायस्तरबाट ३८ वटा बिउ उत्पादक संस्थालाई सहयोग गरिरहेको छ तर पनि किसानले नेपाली बिउलाई पत्याएका छैनन्, उनीहरूको रुचि आयातित बिउमा नै छ ।

कोशी प्रदेश सरकारको कृषि विकास निर्देशनालयका निमित्त प्रमुख प्रकाशकुमार डाँगीका अनुसार कोशी प्रदेशमा दुई लाख ७६ हजार ३८६.७२ हेक्टरमा धान खेती हुने गरेको छ । त्यसका लागि हरेक वर्ष १८ हजार ८१९.३४ मेट्रिक टन बिउ आवश्यक पर्छ । जसमध्ये नेपाली उत्पादनले ४० प्रतिशत माग मात्र पूरा गर्छ । किसानले परम्परागत रूपमा राखेको बिउले पाँच प्रतिशत माग पूरा गर्दै आएको छ भने बाँकी भारतलगायत तेस्रो देशबाट आयात गर्नु पर्छ ।

कार्यालय प्रमुख डाँगीका अनुसार ५५ प्रतिशत बिउ अझै अपुग छ । नेपाली बिउ गुणस्तरीय भए पनि सचेतनाको



अभावमा किसान आकर्षित हुन सकेका छैनन् । उनले भने, "हामीले उत्पादन गरेका बिउ माटो, मौसम सुहाउँदा छन् । नयाँ रोग भित्रिँदैन । कुनै समस्या आए उपचार गर्न सकिन्छ तर किसानले यो विषय बुझेको पाइँदैन ।"

निर्देशनालयको तथ्याङ्क अनुसार कृषि अनुसन्धान परिषद्ले नेपालमा बहुगुणी १ र २; सुक्खा १, २, ३, ४, ५ र ६; हर्दिनाथ १, २, ३, ४, ५ र ६; सावित्री, स्वर्णसव १, राधा ४, ७, ११, १२, १३ र १४; मकवानपुर १, चैते २, ५ र ६ धान लगाउन सिफारिस गरेको छ । यस्तै चैया ३, घैया ३, गङ्गासागर १ र २, लोकतन्त्र, तरहरा १ र २, साम्वा मन्सुली सव १, साँवा मन्सुली, रामधान, खुमल ४, ६, १०, ११, १२, १३, १४ र बासमती सिफारिस गरिएको छ ।

यस्तै सुगन्धित धानमा लल्का बासमती, सुनौला सुगन्धा, शुद्धोधन कालानमक, पोखरेली, जेठोबुढो, छोमरोङ, माछापुच्छ्रे ३, चन्दननाथ १ र ३, लेकाली धान १ र ३ रोप्नका लागि कृषि अनुसन्धान परिषद्ले सिफारिस गरेको छ ।

सिफारिस गएिकामध्ये कोशी प्रदेशमा विभिन्न २५ प्रजातिका धान लगाउने गरिएको छ । कार्यालयको तथ्याङ्क अनुसार लल्का बासमती, साँवा मन्सुली सव १, हर्दिनाथ १ र ६, बहुगुणी २, स्वर्णसव १, राधा ४ र १२, कालो नुनिया, रामधान, तरहरा २ जातका धानको खेती हुने गरेको छ । यस्तै शुद्धोधन कालानमक, रञ्जित, गङ्गासागर, मकवानपुर १, खुमल ४, ६, ८, १०, ११ कान्छी मन्सुली, चैते २ र ५ जातका धान कोशी प्रदेशमा प्रमुख रूपमा लगाइन्छ । सरकार, निजी क्षेत्र र समुदायले उत्पादन गरेका गुणस्तरीय बिउ बजारमा प्रशस्त भए पनि किसानले भारतीय रञ्जित, बिबी ११ र सोर्ना जातका धान लगाउने गरेका छन् । सरकारले यी तिनै जातका धानलाई नेपालमा प्रतिबन्ध गरेको छ ।

सीमा क्षेत्रका किसानले भारतीय व्यापारीसँग झिकाएर धानको बिउ ल्याउने गरेका छन् ।

# भारतले कच्चा तेलमा भन्सार शुल्क घटायो

झापा(प्रस) । तेल र बोसोजस्ता वस्तुहरूको मुद्रास्फीति नियन्त्रण गर्न भारतले कच्चा तथा प्रशोधित खाने तेलको आयात शुल्क घटाएको छ ।

२०२५ अप्रिलमा उपभोक्ता मूल्य सूचकाङ्कअनुसार खाद्यान्न मुद्रास्फीति घटेर १.७८ प्रतिशतमा पुगेकोमा मार्चमा २.६९ प्रतिशत पुग्यो । तर अप्रिल २०२५ मा 'तेल तथा बोसो' मा दोहोरो अंकको मुद्रास्फीति देखिएको थियो ।

उक्त मुद्रास्फीति कम गर्न भारतले खाने तेलमा लाग्ने आधारभूत आयात शुल्क १० प्रतिशत घटाएको छ । जसले त्यहाँका स्थानीय प्रशोधन उद्योगलाई पनि फाइदा पुग्नेछ । यस कदमले खाने तेलको मूल्य घटाउने, माग बढाउने र त्यसपछि पाम तेल, भटमास (सोयाबिन) तेल र सूर्यमुखी (सनफ्लावर) तेलको आयात बढ्ने भारतीय सरकारको अपेक्षा छ ।

भारतले कच्चा पाम तेल, कच्चा सोयाबिन तेल र कच्चा सनफ्लावर तेलमा लाग्ने आधारभूत भन्सार शुल्क २० प्रतिशतबाट घटाएर १० प्रतिशतमा झारेको भारत सरकारले सूचनामार्फत जनाएको छ ।

यो निर्णयले तीन किसिमकै तेलहरूमा लाग्ने कुल आयात शुल्कलाई २७.५ प्रतिशतबाट घटाएर १६.५ प्रतिशतमा ल्याउने भएको छ । यो निर्णयले भने नेपाललाई ठुलो प्रभाव पर्ने तेल निर्यातकर्ता तथा उद्योगीहरूले बताएका छन् ।

उद्योगी सुबोधकुमार गुप्ताले अहिले भारतले कोटामार्फत आयात गरिरहेकाले समस्या नपर्ने र कोटा सकिएपछि निर्यातमा समस्या हुने बताए । 'नेपालबाट निर्यात हुँदाभन्दा अन्य देशबाट आयात गर्दा सस्तो पर्ने देखियो भने अरू देशबाट भारतले आयात गर्छ । किनभने नेपालमा तेस्रो मुलुकबाट कच्चा पदार्थ आयात गरेर निर्यात हुँदै आएको छ ।'

नेपालले बाहिरी मुलुकबाट कच्चा तेल आयात गरी प्रशोधन गरेर भारतमा निर्यात गर्दै आएको छ । निर्यातको पछिल्लो तथ्यांकअनुसार नेपालबाट ठुलो परिमाणमा खाने तेल सोयाबिन, सनफ्लावर र पाम तेल भारततर्फ निर्यात हुने गरेको छ ।

साथै भारतले जुनसुकै वेला कोटा बन्द गरिदिन सक्ने सम्भावना रहेको र अब नेपालबाट हुने तेल निर्यात प्रभावित हुने उनले बताए ।

## तीनवटा...

अर्को चितुवा मृत फेला परेको छ ।

मंगलवार बिहान ८:२० बजे इलाम सूर्योदय नगरपालिका-४ गिरीगाउँस्थित कैलाश गिरीको घरदेखि अन्दाजी २०० मिटर टाढा चियाबारीको खोल्सीमा चितुवा मृत फेला परेको हो । प्रहरी चौकी श्रीअन्तुबाट प्रहरी टोली खटिएर वन कार्यालयका कर्मचारीसंग आवश्यक समन्वय गरिरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

यसअघि गत शनिवार इलामको सूर्योदय नगरपालिका -५ मा जंगली चितुवा मृत भेटिएको थियो । सूर्योदय -५ बस्ने ३६ वर्षीया कमला गिरीले घाँस काट्दै गर्दा बाङ्गे खोलाको खोल्सीमा सड्न लागेको जंगली चितुवा मृत अवस्थामा भेटेकी थिइन् ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५६५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** – महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** – आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** – नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** – आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** – मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** – आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** – सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** – आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** – घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** – राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** – परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।